त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा बल्खु

### स्नातक तह आठौं सेमेस्टरको मौका परीक्षाका लागि आवेदन फाराम भर्ने सूचना

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित स्नातक तह (सूचना तथा संचार प्रविधि शिक्षा र विशेष आवश्यकता शिक्षा) आठौं सेमेस्टरको २०७८ साल भाद्र महिनामा संचालन हुने मौका परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले यही २०७८ साल भदौ १५ गतेसम्म आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी परीक्षा आवेदन फाराम अनलाइन (Online) मार्फत भर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । सबै क्याम्पसहरुले आवेदन फारामवापत संकलित शुल्क २०७८ साल भदौ १६ गतेसम्ममा यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड् गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा फाराम रुजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।

**पुनश्चः**

- अरु सबै सेमेस्टरका सबै विषयमा उत्तीर्ण भई आठौं सेमेस्टरको बढीमा २ वटा विषयमा अनुत्तीर्ण विद्यार्थीहरुले मात्र यस संकायको वेभसाइटः exam.tufoe.edu.np मा गई त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फराम भर्न सकिनेछ ।
- परीक्षा आवेदन फारामवापत मौका परीक्षाका लागि रु. २५००।- शुल्क लाग्नेछ जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ । परीक्षा फारामवापत संकलित रकम सम्बन्धित क्याम्पसले यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयको बैंक खातामा तोकिएको समयभित्र जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर यस कार्यालयको लेखा शाखामा बैंक दाखिला गरेको मितिले ३० दिनभित्र जम्मा गर्नुपर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फाराममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ ।
- अनलाइन परीक्षा फाराममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो, सबै सेमेस्टर परीक्षाका ग्रेडसिटको स्क्यानकपी आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फाराममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फाराम रद्द हुनेछ ।

२०७८/०५/०४

सहायक डीन